नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

# आ.व. २०७८/०७९ को बार्षिक प्रतिवेदन




२०७८ श्रावण १ देखि २०७९ असार मसान्तसम्म

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

मिति : २०७९।०५।१५

## २०७८।०७९ को वार्षिक प्रगति प्रकाशन

## (प्रकाशकीय)

शान्ति, सुव्यवस्था एवं अमनचयन कायम गरी सुशासन प्रवर्द्धन गर्दै सेवा प्रवाह गर्न नेपाल सरकारको प्रतिनिधिको रुपमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा यस जिल्ला प्रशासन कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। तदनुरुप जनताको जीउधनको रक्षा, नेपाली नागरिकताको प्रमाणपत्र वितरण, राहदानी वितरण, राष्ट्रिय परिचयपत्रको विवरण संकलन, विपद् व्यवस्थापन, विकास निर्माणका कार्यमा समन्वय र सहजीकरण, कोभिड-१९ जस्ता महामारी नियन्त्रण तथा रोकथाम र उपचार सम्बन्धी कार्य, उपभोक्ता हकहित संरक्षण, संघीय सरकार र प्रदेश सरकारका निर्णयहरु कार्यान्वयन, प्रदेश सरकार र स्थानीय तहहरुसंग समन्वय, सहजीकरण र सहकार्य, कानूनले तोकेबमोजिम न्यायिक तथा अर्धन्यायिक कार्यहरु लगायतका विषयमा कार्य सम्पादन हुँदै आएको मुख्य विवरण समावेश गरी आर्थिक वर्ष २०७८।०७९ को वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ । उपलब्ध स्रोत साधनको परिचालन क्रममा कार्यालयको आफ्नै भवन संरचना नरहेको कठीनाईलाई समेत दृष्टिगत गर्दा वहुयायामिक कार्यक्षेत्रमा स्रोत सीमितताको पक्ष समेत यस सन्दर्भमा माननीय छ ।

विशेषत यस प्रतिवेदनमा २०७८ श्रावण देखि २०७९ असार मसान्तसम्ममा यस कार्यालयबाट सम्पादन गरिएका कार्यक्रम/क्रियाकलाप एवं प्रदान गरिएका सेवाहरुलाई एकै ठाउँमा समेटी विगत ४/५ वर्षको तुलनात्मक विवरण समेत प्रस्तुत गरी प्रतिवेदनमा गुणात्मक सुधारको प्रयास गरिएको छ । साथै मुख्य कार्यक्षेत्रहरु विभिन्न १८ शीर्षकमा छुट्टाछुट्टै उल्लेख गरी तथा क्षेत्रगत तथ्य र तथ्याङ्क समेत समेटी बहुसूचनामूलक विवरण सेवाग्राही समक्ष प्रस्तुत गर्ने थप प्रयास समेत गरिएको छ । प्रकाशित सामग्रीबाट यस कार्यालयबाट प्रदान गरिएका सेवा तथा काम कारवाहीको बारेमा सम्वद्ध सबैलाई जानकारी हुनुका साथै नागरिकको सुसूचित हुन पाउने अधिकारको पनि प्रत्याभूति हुने एवं सामग्रीमा सबैको पहुँच समेत विस्तार हुन गई पारदर्शिता र जवाफदेहिता अभिवृद्धिमा सघाउ पुग्ने विश्वास छ । यो वार्षिक प्रगति पुस्तिकालाई अझ परिमार्जन गर्दै लैजान यँहाको सुझाब र पृष्ठपोषणकालागि अनुरोध समेत गर्दछौं । यस प्रतिवेदनमा पस्किएका तथ्यपरक सामग्री सम्बद्ध सबैलाई उपयोगी र संस्थागत संस्मरणका दृष्टिले समेत उपयोगी रहनेछ भन्ने मैले अपेक्षा गरेको छु । अन्त्यमा यसको प्रकाशनमा संलग्न सबै कर्मचारी परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

(सुमन घिमिरे)

प्रमुख जिल्ला अधिकारी

# विषयसूची


| क्र.सं. | विषयहरु | पेज नं. |
|---|---|---|
| १. | आ.व. २०७८/०७९ को संक्षिप्त वार्षिक प्रगति | १-२ |
| २. | कार्यालयको संक्षिप्त परिचय | ३-६ |
| ३. | कार्यालयको स्वीकृत संगठन संरचना र दरवन्दी | ७-८ |
| ४. | हालसम्मका प्रमुख जिल्ला अधिकारी र कार्यरत कर्मचारीहरुको विवरण | ८-९ |
| ५. | कार्यालयबाट सम्पादित कार्यहरु | ९-३१ |
| | ५.१. शान्ति सुरक्षा | ९-१३ |
| | ५.२. नागरिकता वितरण | १४-१५ |
| | ५.३. राहदानी वितरण | १५-१६ |
| | ५.४. राष्ट्रिय परिचय पत्र | १६-१७ |
| | ५.५. प्रशासनिक कार्यहरु | १७-१९ |
| | ५.६. मुद्दा फैसला तथा गुनासो व्यवस्थापन | १९-२२ |
| | ५.७. संस्था दर्ता नविकरण तथा नियमन | २३ |
| | ५.८. विपद् व्यवस्थापन | २३-२६ |
| | ५.९. कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य | २७-३१ |
| ६. | लागु औषध नियन्त्रण | ३१-३३ |
| ७. | सरकारी कार्यालय निरीक्षण | ३३ |
| ८. | बजार अनुगमन | ३४-३५ |
| ९. | कार्यालयबाट भएको समन्वय र कार्यान्वयन | ३५-४३ |
| | १. समन्वय र पहल | ३५-४० |
| | २. कार्यान्वयन | ४१-४३ |
| १०. | जिल्ला प्रशासन कार्यालयबाट गरिएका प्रवर्द्धनात्मक कार्य | ४४-४५ |
| ११. | स्थानीय तह निर्वाचन, २०७९ शान्तिपूर्ण सम्पन्न | ४६-४८ |
| १२. | विषयगत कार्यालयको मुख्य प्रगति र खर्च तथा राजस्व विवरण | ४९-५४ |
| १३. | जिल्लास्थित सुरक्षा निकायहरुको विवरण | ५५ |
| १४. | जिल्लास्थित सरकारी कार्यालयको विवरण (सम्पर्क नं. सहित) | ५६-५९ |
| • | अनुसूची | ६०-६६ |

## १. आ.व. २०७८/०७९ को संक्षिप्त वार्षिक प्रगति

क) **कार्यालयको परिचय र स्थापना** : नेपालको संविधान (२०७२) बमोजिम नवलपरासी जिल्लाबाट २०७४/०७/१९ मा विभाजन भई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला बनेको । जिल्लाको जनसङ्ख्या ३,८१,६०४ रहेको छ । प्रचलित कानून बमोजिम शान्ति सुरक्षा र सुशासन कायम गर्ने लगायतका कार्य जिम्मेवारी रहेको । जिल्लामा ईलाका/सीमा प्रशासन कार्यालय नरहेको ।

ख) **सम्पादन हुने मुख्य-मुख्य सेवाहरु** : शान्ति सुरक्षा तथा सु-व्यवस्था, विकास निर्माणमा समन्वय र गतिशिलता, सुशासन प्रवर्द्धन, नागरिकता, राहदानी, राष्ट्रिय परिचय-पत्र, मतदाता नामावली दर्ता सेवा, सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, विपद व्यवस्थापन, अन्तर निकाय/संस्था बीच समन्वय र सहजिकरण लगायतका मुख्य कार्यहरु सम्पादन गरिएको ।

ग) **संगठन संरचना :** प्रमुख जिल्ला अधिकारी (रा.प.प्रथम), स.प्र.जि.अ., प्रशासकीय अधिकृत-३ सहित जम्मा ३३ दरवन्दी रहेको, जसमा ४ जना ना.सु. र ४ जना खरिदार गरी ८ पद रिक्त रहेको ।

घ) **०७८/७९ मा सम्पादित मुख्य कार्य र सोको प्रगति विवरण**

| सम्पादित मुख्य कार्य | प्रगति संख्यात्मक विवरण |
|---|---|
| १. स्थानीय तह निर्वाचन,२०७९ शान्तिपूर्ण रुपमा सम्पन्न (८ स्थानीय तह, ९२ वडाहरु, १४२९ उम्मेदवार, २९९ मतदान केन्द्र, म्यादी प्रहरी १११२) | ४७६ जना निर्वाचित |
| २. नयाँ नागरिकता जारी | १२७३१ जना |
| ३. प्रतिलिपी नागरिकता जारी | ९३५५ जना |
| ४. विद्युतिय राहदानी सेवा (MRP सेवा - ४९०० जनालाई पुसमसान्त सम्म प्रदान बाहेक) प्रदान | ४२५० वटा |
| ५. राष्ट्रिय परिचयपत्र विवरण दर्ता | १६२९४ जना |
| ६. मुद्दा फछ्र्यौट - कुल २५० वटा मध्ये ७५.२% फछ्र्यौट (ठाडो उजुरी फछ्र्यौट-७० र सवारी क्षतिपूर्ति प्रदान-६४ बाहेक) | १८८ थान |
| ७. कोभिड-१९ खोप सेवा प्रदान (३,१३,३२९ जनालाई) | ११०.७५% |
| ८. राजस्व संकलन रु. | ५,३९,२१,९१०/- |
| ९. भारतीय सैनिकमा रहेका नागरिकलाइ सिफारिस तथा प्रमाणित र पारिवारिक पेन्सन सिफारिस संख्या | ४६९ वटा |
| १०. भारतीय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | ५०२ |
| ११. आदिवासी जनजाति, दलित मधेशी प्रमाणित | १२११ |
| १२. चालचलन प्रमाणित | ३० |
| १३. नाबालक परिचय पत्र जारी | ३८७ जना |
| १४. संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या (विधान संशोधन-७ समेत) | ६० |
| १५. संस्था नविकरण संख्या | ३२८ |
| १६. अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | ४ |

| | |
|---|---|
| १७ जिल्ला सुरक्षा समितिको बैठक | ४२ |
| १८ अन्तर जिल्ला समन्वय बैठक-४, संयुक्त सिमा समन्वय बैठक (भारतीय पक्षसंग – १) | ५ |
| १९ कार्यालय प्रमुखहरुको बैठक | १४ |
| २० दलीय समन्वय लगायत विविध बैठक | २९ |
| २१ विपद व्यवस्थापन समितिको वैठक संख्या | ११ |
| २२ विपद् प्रभावितलाई वितरण गरिएको राहत रकम (रु.) | १९,४५,०००/- |
| २३ लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको बैठक | ४ |
| २४ लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रसंग समन्वय बैठक | २ |
| २५ नदीजन्य पदार्थको अवैध दोहन, सवारी नियन्त्रण (जरिवाना संकलन रु ७९,१८,०००/-) | ४४४ वटा |
| २६ भन्सार छली नियन्त्रण (रु. ५,३५,५१,४२१/- राजस्व संकलन) | ८३ पटक |
| २७ जुवातास नियन्त्रण (४४ वटा मुद्दा) | २६५ जना पक्राउ |
| २८ लागु औषध कारवाही (७० वटा मुद्दा) | १०० जना नियन्त्रण |
| २९ अवैध हतियार नियन्त्रण - भरुवा वन्दुक ५ थान,पेस्तोल १ थान,ग्रिनेड १ थान,१८ थान शिसाको गोली ५४ ग्राम बारुद, ४ राउण्ड गोली सहित ४ जना मानिस पक्राउ | |
| ३० गाँजा फडानी - अ.१२ कठ्ठामा उम्रिएका अं ११५२५ गाँजा बोट नष्ट | |
| ३१ बजार अनुगमन (पटक) | ९ |

ङ) **नव प्रवर्तनात्मक कार्यहरु:** कोभिड-१९ परीक्षणका लागि भारतीय सीमा क्षेत्रको त्रिवेणी धाम व्यारेजमा हेल्थ डेस्कको स्थापना, राहदानी सेवालाई सहज बनाउन नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखासँग समन्वय तथा सहकार्य ।

च) **कार्यालयले सामना गरेका प्रमुख समस्या तथा चुनौतिहरू:** कार्यालयको आफ्नै भवन नभएको, दरबन्दी अनुसारको जनशक्ति पदपुर्ति नभएको, कार्यालयमा पर्याप्त पूर्वाधारहरु (फर्निचर, जेनेरेटर, सेवाग्राहीहरु बस्ने भौतिक संरचना आदि) नहुनु ।

## २. कार्यालयको संक्षिप्त परिचय

नेपालको गण्डकी प्रदेश अन्तर्गतका पर्ने ११ जिल्ला मध्येको एक जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हो । नेपालको संविधान (२०७२) मा साविकको नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) नामाकरण भै छुट्टा छुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए बमोजिम मिति २०७४।०७।१९ देखि जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) स्थापना भई कार्यालय संचालन भएको हो । नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले निर्दिष्ट गरेको अधिकार क्षेत्र भित्र कार्यालयबाट नियमित कार्य सम्पादन हुने गर्दछ ।प्रचलित कानूनबमोजिम संघ, प्रदेश र स्थानीय तहको सरकार बीच समन्वय र सुरक्षा प्रवन्ध, अपराध रोकथाम तथा नियन्त्रण, नागरिकता तथा राहदानी वितरण, राष्ट्रिय परिचयपत्र विवरण संकलन, मतदाता नामावली संकलन (निर्वाचन आयोगबाट व्यवस्था भएबमोजिम) हातहतियार तथा खरखजाना, विपद् व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण, जुवा तथा अन्य गैरकानूनी क्रियाकलापको नियन्त्रण, लागूऔषध नियन्त्रण र कारवाही, सीमा सुरक्षा, अत्यावश्यक वस्तु तथा सेवाको नियमित आपूर्ति, बजार अनुगमन तथा कालो बजारी नियन्त्रण र अन्य आकस्मिक कार्यहरु समेत सम्पादन गरिएको छ ।

### २.१. जिल्लाको संक्षिप्त परिचय :-

- सीमानाः पूर्वः चितवन जिल्ला; पश्चिमः नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला; उत्तरः पाल्पा र तनहुँ जिल्ला; दक्षिणः चितवन र भारतको विहार प्रदेश
- क्षेत्रफलः १,३३१.१६वर्ग कि.मी.
- भारतसंग जोडिएको सीमाको लम्वाईः नारायणी नदि करिव ५.५ कि. मि. (पुल देखि सोनाभद्रा नदिसम्म २.५ कि. मी. र पुलदेखि दक्षिणपट्टी ३ कि. मी )
- सबै भन्दा अग्लो भू-भागः समुन्द्री सतहबाट १९३६ मिटर (देवचुली)
- कृषियोग्य जमिनः ४३८९७ हेक्टर
- वनजंगलले ढाकेको क्षेत्रः ५८.४९%
- मुख्य नदीःकालीगण्डकी र नारायणी
- प्रमुख खोलानालाः झरही खोला, केरुङ्गे खोला, गिरुवारी खोला, विनयी खोला, अरुणखोला
- प्रमुख ताल : पोखरी ताल र टरुवा ताल
- मुख्य धार्मिक, पर्यटकीय र ऐतिहासिक स्थलहरुः दाउन्ने देवी मन्दिर, मौलाकालीका मन्दिर, गजेन्द्र मोक्ष्यधाम, शास्वतधाम, अकलादेवी मन्दिर, घुमारीघाट, लोसेधारा, महाराजाथान, सिखौली घाट, उन्नति कल्चरल भिलेज हर्कपुर, धौवादी, देवचुली डाँडा, अमलटारी होमस्टे, प्रिप्रहर होमस्टे
- देहायका विषयगत क्षेत्रका तथ्य र तथ्याङ्कगत विवरण अनुसूची-१ मा उल्लेख गरिएको छः
  1. शिक्षा क्षेत्र

२. कृषि क्षेत्र
३. पशुपालन क्षेत्र
४. जग्गा सम्बन्धी
५. विद्युत क्षेत्र

## २.२ जनसंख्याः (राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजा) अनुसार जिल्लाको जनसंख्या

- जनसंख्याः ३,८११०५
- महिला : २०१६५९
- पूरुष : १७९४४६
- जनघनत्वः २७६ प्रति वर्ग कि.मि.
- जनसंख्या वृद्धि दर : १.९३%
- मुख्य जातीहरुः ब्राम्हण, क्षेत्री, थारु, गुरुङ ,मगर, कुमाल, दराई, मुसलमान, दलित, ठकुरी, दशनामी आदि ।
- स्थानीय तह अनुसारको जनसंख्या विवरण

| स्थानीय तह | घर संख्या | पारिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| गैडाकोट नगरपालिका | १७१५१ | २०७०१ | ३८७२५ | ४२०१२ | ८०७३७ |
| देवचुली नगरपालिका | १३१२७ | १४८३६ | २८१३३ | ३१२६७ | ५९४०० |
| कावासोती नगरपालिका | १९५६८ | २२१८४ | ४०८९० | ४६२८६ | ८७१७६ |
| मध्यविन्दु नगरपालिका | १४३४५ | १५५४९ | २८२९१ | ३२२५७ | ६१५४८ |
| विनयीत्रिवेणी गाउँपालिका | ८६५१ | ९३४८ | १८६६४ | २०५३७ | ३९२०१ |
| हुप्सेकोट गाउँपालिका | ५८६५ | ६२५० | १२३४६ | १४५१५ | २६८६१ |
| बुलिङटार गाउँपालिका | ३३०५ | ३५६९ | ७००७ | ७५८९ | १४५९६ |
| बौदीकाली गाउँपालिका | २६७६ | २९१४ | ५१६४ | ६१७५ | ११३३९ |
| जम्मा | ८४६८८ | ९५३५१ | १७९२२० | २००६३८ | ३८०८५८ |

## २.३ मुख्य आर्थिक गतिविधि :

- मुख्य पेशाः कृषि
- अन्य पेशाः व्यापार, व्यवसाय, वैदेशिक रोजगारी
- मुख्य वालीः धान, गहुँ, मकै, तोरी, मसुरो, उखु र केरा
- प्रमुख उद्योगः ६२
- घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका
    - साना उद्योग तर्फ : ६०००
    - वाणिज्य तर्फ : ८०५०

- औद्योगिक एवं व्यापारिक केन्द्रहरुः दुम्कौली, गैडाकोट, कावासोती, भेडावारी, सर्दी आदि।

## २.४ राजनीतिक विभाजन :

- स्थानीय तहः ८ वटा (४ नगरपालिका, ४ गाउँपालिका)
- वडाः ९१ वटा
- प्रतिनिधि सभा निर्वाचन क्षेत्रः २
- प्रदेश सभा निर्वाचन क्षेत्रः ४
- मुख्य राजनीतिक दलः नेपाली काङग्रेस, नेपाल कम्युनिष्ट पार्टी एमाले, नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र, नेकपा एकिकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल, संघीय समाजबादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा
- प्रतिनिधि सभामा प्रतिनिधित्वः ३
    - नेपाली कांग्रेसः २ (प्रत्यक्ष १, समानुपातिक १)
    - नेपाल कम्युनिष्ट पार्टी (नेकपा):१
- प्रदेश सभामा प्रतिनिधित्वः ६
    - नेपाली कांग्रेसः ३ (प्रत्यक्ष २, समानुपातिक १)
    - नेपाल कम्युनिष्ट पार्टी (नेकपा):३ (प्रत्यक्ष २, समानुपातिक १)

## २.५ शैक्षिक संस्थाहरु

- क्याम्पसः २१
- सामुदायिक विद्यालयः ३१२
- संस्थागत विद्यालयः ९३
- मदरसा : १
- गुम्बाः१
- गुरुकुलः३
- प्राविधिक शिक्षालयः१० र अन्य अनुसूची-१ मा उल्लेख भए बमोजिम
- विशेष कक्षा :७ (सुस्त श्रवण २, दृष्टिविहिन १, सुस्त मनस्थिति १ समेत)

## २.६ धार्मिक मठ मन्दिर

- मठ मन्दिरः ९३
- गुम्बाः २३
- मस्जिदः ४
- चर्चः १४

## नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको नक्सा



# ३. कार्यालयको स्वीकृत संगठन संरचना र दरवन्दी तेरिज

## क. संगठन संरचना

अनुसूची ८.४.१

नेपाल सरकार

गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय (क) २ अन्तर्गत पर्ने जिल्लाहरुको संगठन संरचना**

(सप्तरी, सिरहा, सर्लाही, चितवन, ललितपुर, **नवलपरासी पूर्व,** नवलपरासी पश्चिम, कपिलवस्तु, दाङ, कैलाली, महोत्तरी, रौतहट, बारा, कन्चनपुर, बर्दिया, सुर्खेत, काभ्रे, मकवानपुर)



### ख. दरवन्दी तेरिज

| सि.नं. | पद | श्रेणी | दरवन्दी संख्या | पूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | ० | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प. द्धितिय | १ | १ | ० | |
| ३ | प्रशासकीय अधिकृत | रा.प. तृतीय | ३ | ३ | ० | |
| ४ | नायव सुब्बा | रा.प. अनं. प्रथम | १० | ७ | ३ | |
| ५ | लेखापाल | रा.प. अनं. प्रथम | १ | १ | ० | |
| ६ | खरिदार | रा.प. अनं. द्धितिय | ५ | १ | ४ | |
| ७ | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | ३ | ३ | ० | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | - | करार २ |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | - | करार ३ |
| **जम्मा** | | | ३३ | २६ | ७ | करार ५ |

## ४. हालसम्मका प्रमुख जिल्ला अधिकारी र कार्यरत कर्मचारीको विवरण

### क) हालसम्मका प्रमुख जिल्ला अधिकारी

| सि.नं. | पद | नामथर | देखी | सम्म |
|---|---|---|---|---|
| १ | का.मु.प्र.जि.अ. | श्री शम्भु प्रसाद मरासीनी | २०७४।०७।१९ | २०७५।०१।०३ |
| २ | प्र.जि.अ. | श्री महेश आचार्य | २०७५।०१।२१ | २०७५।०२।१८ |
| ३ | का.मु.प्र.जि.अ. | श्री दिपक राज नेपाल | २०७५।०३।१७ | २०७५।०९।१६ |
| ४ | प्र.जि.अ. | श्री दिपक राज नेपाल | २०७५।०९।१७ | २०७६।०२।२६ |
| ५ | प्र.जि.अ. | श्री बिष्णु कुमार कार्की | २०७६।२।२७ | २०७६।१०।२२ |
| ६ | प्र.जि.अ. | श्री पिताम्बर घिमिरे | २०७६।१०।२४ | २०७७।०५।२१ |
| ७ | प्र.जि.अ. | श्री मनमायाँ भट्टराई पंगेनी | २०७७।०५।२२ | २०७८।०९।२५ |
| ८ | प्र.जि.अ. | श्री सुमन घिमिरे | २०७८।०९।२६ | हालसम्म |

### ख) कार्यरत कर्मचारीको विवरण

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री सुमन घिमिरे | प्रमुख जिल्ला अधिकारी | |
| २ | श्री खिमराज भुसाल | सहायक प्रमुख जिल्ला अधिकारी | |
| ३ | श्री आनन्द शर्मा भुसाल | प्रशासकिय अधिकृत | |
| ४ | श्री शिवराज कोइराला | प्रशासकिय अधिकृत | |
| ५ | श्री भरत सापकोटा | प्रशासकिय अधिकृत | |
| ६ | श्री केदारनाथ लामिछाने | नायव सुव्वा | |

| | | | |
|---|---|---|---|
| ७ | श्री मिना सुवेदी | नायव सुव्वा | |
| ८ | श्री खुम बहादुर बस्नेत | नायव सुव्वा | |
| ९ | श्री प्रेम बहादुर रोकाहा | नायव सुव्वा | |
| १० | श्री सुनिल लम्साल | नायव सुव्वा | |
| १२ | श्री यादव पराजुली | नायव सुव्वा | |
| १३ | श्री सुर्य गौतम | लेखापाल | |
| १४ | श्री तारा देवी अर्याल | कम्प्युटर अपरेटर | |
| १५ | श्री नगिना भण्डारी | कम्प्युटर अपरेटर | |
| १६ | श्री छवि राना | कम्प्युटर अपरेटर | |
| १७ | श्री सुवास सापकोटा | विवरण दर्ता अपरेटर | करार |
| १८ | श्री ममता पोखेल | विवरण दर्ता अपरेटर | करार |
| १९ | श्री विनिता कुमारी | खरिदार | |
| २० | श्री पूर्ण प्रसाद सापकोटा | कार्यालय सहयोगी | |
| २१ | श्री कृष्ण प्रसाद शर्मा | कार्यालय सहयोगी | |
| २२ | श्री शान्ती कंडेल | कार्यालय सहयोगी | करार |
| २३ | श्री सुरज महतो | कार्यालय सहयोगी | करार |
| २४ | श्री विष्णु नेपाल | कार्यालय सहयोगी | करार |
| २५ | श्री रामलाल गुरौं | हलुका सवारी चालक | करार |
| २६ | श्री रोहिणीकान्त रिजाल | हलुका सवारी चालक | करार |
| २७ | श्री कल्पना गैरे | सहयोगी | करार |

## ५. कार्यालयबाट सम्पादित कार्यहरु

यस कार्यालयबाट सम्पादन भएका मुख्य कार्यक्षेत्र र सो का कार्यहरु निम्नानुसार रहेका छन् :-

### ५.१ शान्ति सुरक्षा

जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) ले जिल्लाको नियमित रुपमा शान्ति सुरक्षा व्यवस्था मिलाएको र जिल्ला भ्रमणमा आउनु हुने अति उच्च पदस्थ तथा विशिष्ट पदाधिकारीको भ्रमण सुरक्षा गर्न जिल्ला सुरक्षा समितिको नियमित तथा आकस्मिक बैठक राख्दै आएको छ । जिल्लाको शान्ति सुरक्षालाई भरपर्दो, मजबुत र व्यवस्थित बनाउने उद्देश्यले जिल्लाको एकिकृत रणनीतिक सुरक्षा योजना तयार गरिएको छ । जिल्लाको एकिकृत रणनीतिक

सुरक्षा कार्ययोजना, २०७८ को कार्यान्वयन प्रभावकारी रुपमा गरिएको छ । स्थानीय तह निर्वाचन ०७९ को एकिकृत सुरक्षा योजना बमोजिम निर्वाचन कार्य छिटपुट घटना बाहेक शान्तिपूर्ण रुपमा सम्पन्न भएको ।

जिल्ला प्रशासन कार्यालयले आफ्नो क्षेत्रका राजमार्गमा हुन सक्ने सवारी दुर्घटनाको न्यूनिकरण गर्न र सुरक्षित वातावरण सृजना गर्न राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कारवाही सम्बन्धित मापदण्ड, २०७५ को कार्यान्वयन गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै सुरक्षा निकाय, स्थानीय तह, बिषयगत कार्यालय र यातयात व्यवसायी समेत रहेको जिल्ला समन्वय समिति गठन गरिएको छ । साथै समितिले राजमार्गमा हुन सक्ने अवरोधलाई हटाउने सम्भाव्य उपकरणको सूची समेत तयार गर्ने जिम्मेवारी सम्बन्धित सरोकारवाला निकाय सबैलाई दिएको छ ।

### ५.१.१ शान्ति सुरक्षा तथा सुव्यवस्था :

- नागरिक जिउधनको सुरक्षा गरी अपराधरहित वातावरण सिर्जना गर्न Crime Map सहितको जिल्ला ***एकिकृत रणनितिक सुरक्षा योजना,२०७८*** तर्जुमा गरी सो बमोजिम Crime Control अभियान चलाइएको, रोडको RSCC अभियानबाट लागु औषध, हातहतियार तथा अन्य तस्करीमा अप्रेसन गर्न सकिएको । यसैगरी साइकल गस्ती, मोटरसाइकल गस्ती, पिकेटिङ्ग, पट्रोलिङ्ग लगायतका कार्य गरी जिल्लामा शान्ति अमनचयन कायम गरिएको ।
- स्थानीय तह निर्वाचन,०७९ सुरक्षा व्यवस्था :

  गृह मन्त्रालयबाट प्राप्त "स्थानीय तह निर्वाचन एकीकृत सुरक्षा योजना, २०७८ को आधारमा जिल्ला सुरक्षा समितिबाट स्वीकृत स्थानीय तह निर्वाचन विशेष सुरक्षा योजना, २०७९ निर्माण गरी सोही अनुसार निर्वाचन अगाडी, निर्वाचनको समयमा र निर्वाचन पश्चातका पूर्व योजना अनुसारका गतिविधीहरु तथा सुरक्षा रणनीति अनुसार प्रहरी जनशक्ती,हातहतियार,संचार साधन,सवारी साधनको प्रभावकारी तथा मितव्यी रुपमा उच्चतम प्रयोग गरी शान्तिपूर्ण वातावरणमा निर्वाचन गतिविधी,मतगणना,विजय ऱ्याली सुरक्षा समेतका कार्य सम्पन्न भएको, जसको मुख्य ७ पक्षमा सुरक्षा व्यवस्था निम्नानुसार मिलाईएको थियो:-




देहायका उम्मेदवार र निर्वाचन प्रचार प्रसार कार्यको सुरक्षा व्यवस्था मिलाइएको :

क. उम्मेदवार मनोनयन दर्ता

- यस जिल्लामा बिभिन्न राजनीतिक दल र स्वतन्त्र गरी जम्मा १४४९ जनाको उम्मेदवारी दर्ता भएको थियो जुन निम्नानुसार छ :

| ८+१ स्थानीय तहहरु | प्रमुख/ अध्यक्ष | उपमेयर /उपाधक्ष | वडा अध्यक्ष | महिला सदस्य | दलित महिला सदस्य | खुल्ला सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ५७ | ३६ | ३१५ | २५९ | २२६ | ५७० | १४४७ |

ख. निर्वाचित स्थानीय जनप्रतिनिधिको संख्या

| ८+१ स्थानीय तहहरु | प्रमुख/अध्यक्ष | उपमेयर/उपाध्यक्ष | वडा अध्यक्ष | अन्य सदस्य | जम्मा |
|---|---|---|---|---|---|
| | ९ | ८ | ९२ | ३७६ | ४८५ |

- मदार बाबा मेला सुरक्षा व्यवस्थापन :
  मिति २०७८।११।०८ मा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायका प्रमुख लगायतको उपस्थितिमा मिति २०७८।११।०९ देखि ऐ.१७ गते सम्म संचालन हुने मदारबाबा

मेलालाई व्यवस्थापन सम्बन्धमा सर्वपक्षिय बैठक बसेको । साथै ९ दिन सम्म नवलपरासी (ब.सु.पश्चिम) संग समन्वय गरी सुरक्षा व्यवस्था मिलाइएको ।

- छोटो दुरी तथा लामो दुरीको गस्ती परिचालन हुनु, नेपाल प्रहरी र सशस्त्र प्रहरी बीचमा समन्वय प्रभाकारी हुनुले Crime Map बमोजिमको जोखिम मानिएका स्थानहरुमा अवाञ्छित गतिविधि रोकथाम तथा नियन्त्रणमा रहेको ।
- शान्ति सुरक्षाको स्थितीलाई मजवुत गराउनको लागि सुरक्षा समितिको बैठक नियमित र आकस्मिक रुपमा बस्ने गरिएको । बिकास आयोजना सञ्चालनमा देखिएका अवरोध हटाउन, संविधान विरोधी समुहको अवान्छित गतिविधी नियन्त्रण गर्न, एकिकृत रणनीतिक सुरक्षा योजनाको कार्यन्वयन कार्ययोजना, चाडपर्व लक्षित सुरक्षा योजनाको कार्यान्वयन योजना बनाउने विषयमा केन्द्रित रहि सुरक्षा समितिको २० वटा र कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण र विपद् व्यवस्थापनमा निकायगत समन्वय तयारी गर्न केन्दित रही जिल्ला कोभिड व्यवस्थापन समितिको ७ वटा बैठक सम्पन्न भएको छ ।
- जिल्ला भित्रका महत्वपुर्ण पदाधिकारीको सुरक्षा प्रवन्ध मिलाइएको, त्यसैगरी VVIP व्यवस्थापन गरिएको, जिल्ला भित्रका सरकारी निकाय, सार्वजनिक संस्थान तथा औद्योगिक प्रतिष्ठानको सुरक्षा प्रवन्ध गरिएको । सबै क्षेत्रको सुरक्षा जोखिम तथा संवेदनशिलताका आधारमा भरपर्दो सुरक्षा प्रवन्ध मिलाइएको ।
- शान्ति सुरक्षा सुशासन, विकास निर्माण, कोभिड -१९ रोकथाम र नियन्त्रणमा सबै सरोकारवालाहरु, क्रमश : स्थानीय तह, सरकारी तथा गैरसरकारी निकाय, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, संचार लगायतसंग समन्वय गरी कार्य गरिएकोले हालसम्म शान्तिसुरक्षा खलल हुन पाएको छैन ।
- शान्ति सुरक्षा सम्वन्धमा केन्द्रिय सुरक्षा समितिवाट भएको निर्णयहरु, विभिन्न समयमा माननीय मन्त्रीज्यू तथा श्रीमान सचिवज्युको अध्यक्षतामा सम्पन्न वैठकका निर्णयहरु, प्रदेश आन्तरिक मामिला मन्त्रालबाट हुने निर्देशन तथा परिपत्रलाई प्राप्त भएकै दिन कार्यान्वयनमा लैजाने गरी उच्च प्राथामिकतामा राखिएको ।
- <u>परीक्षा सुरक्षा व्यवस्था :</u>

जिल्लामा SEE को २९ वटा र +२ को २४ वटा परीक्षा केन्द्र रहेको र सो केन्द्रहरुमा परीक्षा सञ्चालनमा सुरक्षा व्यवस्थाको लागि जिल्ला परीक्षा समन्वय समितिको बैठक बसी सुरक्षा व्यवस्था मिलाइएको ।

### ५.१.२ सीमा सुरक्षा व्यवस्थापन

- मिति २०७९।०१।२१ ४ (4 May 2022) मा नेपाल भारत संयुक्त सिमा बैठक सम्पन्न भएको र सो बैठकबाट निर्वाचन सुरक्षाका विषयमा द्धिपक्षीय समन्वय र मतदानको ७२ घण्टा अघी सीमा नाका वन्द गर्ने लगायतका कार्यमा समन्वय गर्ने गरी निर्णय भएको ।



## ५.१.३ अन्तर जिल्ला समन्वय बैठक

यस कार्यालयको संयोजनमा मिति २०७८ मंसिर ८ गते नवलपरासी (वर्दघाट सुस्ता पूर्व) र नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) र चितवन जिल्लाका सुरक्षा निकायका प्रमुखहरु बिच छुट्टाछुट्टै अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भएको छ ।

यस कार्यालयको संयोजनमा मिति २०७८ मंसिर ८ गते नवलपरासी (वर्दघाट सुस्ता पूर्व) र चितवनका सुरक्षा निकायका प्रमुखहरु बिच अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भएको छ ।

| क्र.सं. | बैठक मिति | आयोजक | सहभागी जिल्ला | कैफियत |
|---|---|---|---|---|
| १ | २०७८।०८।०८ | जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पूर्व) | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | |
| २ | २०७८।०८।०८ | जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पूर्व) | नवलपरासी (बर्दघाट सुस्ता पूर्व र चितवन | |
| ३ | २०७८।११।०७ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | |
| ४ | २०७९।०३।०९ | जिल्ला प्रशासन कार्यालय, पाल्पा | पाल्पा, स्याङ्जा, तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | |

## ५.२ नागरिकता वितरण

आ.ब. २०७८/०७९ मा महिला ६७१८ जना र पुरुष ६०१३ जना गरी जम्मा १२७३१ जनालाई नयाँ नागरिकता वितरण भएको छ।

विगतमा वितरण गरिएका नागरिकताहरु हराएमा, झुत्रो भएमा सम्बन्धित व्यक्तिले रितपूर्वक पेश गरेका कागजातहरुको आधारमा नागरिकताको प्रतिलिपी वितरण गर्दै आएको छ । आ.ब. २०७८/७९ मा महिला ४१५५ र पुरुषको संख्या ५२०० गरी जम्मा ९३५५ जनालाई प्रतिलिपी नागरिकता वितरण भएको छ ।

### ५.२.१ आ.ब. २०७८/७९ मा वितरण भएको नागरिकताको विवरणहरु

| नागरिकता प्रमाण पत्र वितरण | | | | | नागरिकता प्रतिलिपी वितरण | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | महिना | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा |
| १ | श्रावण | ४६८ | ५०० | ९६८ | ७४८ | ८४७ | १५९५ |
| २ | भदौ | ५२० | ५२६ | १०४६ | ३२४ | ३६५ | ६८९ |
| ३ | असोज | ४१५ | ४६२ | ८७७ | २४५ | २९४ | ५३९ |
| ४ | कार्तिक | ५५७ | ५८० | ११३७ | २८६ | ३५४ | ६४० |
| ५ | मंसिर | ९२४ | ७९३ | १७१७ | ३७० | ४२५ | ७९५ |
| ६ | पुस | ८८२ | ६९७ | १५७९ | ३७१ | ७७९ | ११५० |
| ७ | माघ | ५२३ | ४९४ | १०१७ | २७९ | ३२० | ५९९ |
| 8 | फाल्गुण | ४३० | ३४८ | ७७८ | २९५ | ३८१ | ६७६ |
| 9 | चैत्र | ५३३ | ३९७ | ९३० | ३३६ | ४११ | ७४७ |
| 10 | बैशाख | २६१ | १९३ | ४५४ | २४५ | २४२ | ४८७ |
| 11 | जेष्ठ | ४८६ | ४११ | ८९७ | ३२० | ३७१ | ६९१ |
| 12 | आषाढ | ७१९ | ६१२ | १३३१ | ३३६ | ४११ | ७४७ |
| | जम्मा | ६७१८ | ६०१३ | १२७३१ | ४१५५ | ५२०० | ९३५५ |

### ५.२.२ नागरिकता वितरणको ४ वर्षको तुलनात्मक विवरण

| नागरिकता प्रमाण पत्र वितरण | | | | | नागरिकता प्रतिलिपी | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | आ.ब. | महिला | पूरुष | नँया नागरिकता | महिला | पूरुष | प्रतिलिपी नागरिकता |
| १ | २०७५/०७६ | ४४९६ | ४१९८ | ८६९४ | २३५४ | २५९९ | ४९५३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | २०७६/०७७ | २६८९ | २६९२ | ५३८१ | १६२२ | १९१२ | ३५३४ |
| ३ | २०७७/०७८ | ४४९५ | ४२६१ | ८७५६ | ३४६९ | ३८७८ | ७३४७ |
| ४ | २०७८/०७९ | ६७१८ | ६०१३ | १२७३१ | ४१५५ | ५२०० | ९३५५ |




## ५.३ राहदानी वितरण

यस आ.व.को पुषसम्म MRP र तत्पश्चात वितरण भएको e-Passport को विवरण निम्नानुसार रहेको छ :

### ५.३.१ आ.ब. २०७८/७९ को राहदानी वितरण सम्बन्धी विवरण

| क्र.सं. | महिना | साधारण राहदानी सिफारिस | | | | द्रुत सेवा मार्फत राहदानी सिफारिस | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | नाबालक | जम्मा | महिला | पुरुष | नाबालक | जम्मा |
| १ | श्रावण | २१७ | ५८३ | ३० | ८३० | ६८ | १२२ | ७ | १९७ |
| २ | भदौ | २४६ | ५१५ | ० | ७६१ | ४३ | ८६ | २ | १३१ |
| ३ | असोज | ३४९ | ५५९ | १९ | ९२७ | ७७ | १३८ | २ | २१७ |
| ४ | कार्तिक | ३४६ | ६५१ | १२ | १००९ | ११४ | २०८ | ४ | ३२६ |
| ५ | मंसिर | ५१ | १०१ | ० | १५२ | २४ | २३ | ३ | ५० |
| ६ | पुस | ० | ० | ० | ० | १०१ | १९३ | ६ | ३०० |
| जम्मा | | १२०९ | २४०९ | ६१ | ३६७९ | ४२७ | ७७० | २४ | १२२१ |
| माघ - असार | | ४२५० | | | | | | | |

| मसान्तसम्म जारी भएका जम्मा E-Passport | (प्रति महिना करिव ७०८ थान) |
|---|---|

## ५.३.२ राहदानी सेवाको ५ वर्षको तुलनात्मक विवरण

| आ.ब. | साधारण राहदानी सिफारिस | द्रुतसेवा राहदानी सिफारिस | कैफियत |
|---|---|---|---|
| २०७४/०७५ | ६२२६ | ६५२२ | |
| २०७५/०७६ | २१५६ | २१७५ | |
| २०७६/०७७ | ४८०७ | १८७० | |
| २०७७/०७८ | ४४७१ | १४७९ | |
| २०७८/०७९ | ७९२९ | १४७६ | e-passport समेत |




## ५.४ राष्ट्रिय परिचय पत्र

आ.ब. २०७८/७९ मा महिला ६६७० र पुरुष ९६२४ गरी जम्मा १६२९४ जनाको विवरण संकलन भएको थियो ।विद्युतीय स्वरुपमा नागरिकताको विवरण संकलन गर्ने पद्धति शुरुआत भएकोमा जनताको उल्लेख्य सहभागिता देखिएको छ र विदेश जाने नागरिकलाई राहदानी लिन समेत अनिवार्य भएकाले यसमा क्रमश: वृद्धि भएको छ ।

यद्यपि परिचयपत्रको अनलाईन प्रणालीमा सेवाग्राहीको विवरण हेर्न नसकिने र हराएको कारण वा अन्य कारणले केही जानकारी लिन आवश्यक परेमा यो प्रणालीमा पुराना विवरण हेर्न जिल्ला प्रशासन कार्यालयको पहुँच हालसम्म नभएकाले सेवाग्राहीको गुनासो कायम रहेकाले आवश्यक व्यवस्था हुन जरुरी देखिएको छ ।

साथै एकै दिनमा टाढाबाट सैयौं सेवाग्राही परिचयपत्रको फोटो खिचाउन आउँदा दूइ जना अपरेटरबाट कार्य सम्पादन हुन नसक्दा समेत ठूलो कठीनाई उत्पन्न भएको अवस्था छ ।

यसको तथ्यांकगत विवरण निम्नानुसार रहेको छः-

| आ.ब.२०७८/७९ मा राष्ट्रिय परिचय पत्र विवरण संकलन | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **महिना** | **महिला** | **पूरुष** | **जम्मा** |
| १ | *श्रावण* | ४७८ | ५३७ | १०१५ |
| २ | *भदौ* | ५३९ | ६२२ | ११६१ |
| ३ | *असोज* | ४३१ | ५२८ | ९५९ |
| ४ | *कार्तिक* | ६८२ | ५३० | १२१२ |
| ५ | *मंसिर* | ४७९ | ७९० | १२६९ |
| ६ | *पुस* | ५५४ | ७६० | १३१४ |
| ७ | *माघ* | ७०० | ९१० | १६१० |
| ८ | *फाल्गुण* | ५५० | १००६ | १५५६ |
| ९ | *चैत्र* | ५२२ | १०१२ | १५३४ |
| १० | *बैशाख* | ४०२ | ७४२ | ११४४ |
| ११ | *जेष्ठ* | ५९९ | १०३६ | १६३५ |
| १२ | *आषाढ* | ७३४ | ११५१ | १८८५ |
| | **जम्मा** | ६६७० | ९६२४ | १६२९४ |

## ५.५ प्रशासनिक कार्यहरु :-

नागरिकको जीउधनको सुरक्षाका साथै जिल्लाको समग्र शान्ति सुरक्षा, विशिष्ट व्यक्तिहरुको आवागमनमा सुरक्षा व्यबस्था, कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी समन्वय, सहजीकरण, सरकारी सवारी साधनहरुको मितव्ययिता प्रयोग र अनुमति, भारतीय सेनाका पेन्सनरहरुको पारिवारिक विवरण प्रमाणित, व्यक्ति प्रमाणित, नावालक परिचयपत्र, छापाखाना/पत्रपत्रिका दर्ता, जिल्लास्थित सरकारी कार्यालयहरुको अनुगमन निरीक्षण, मासिक

रुपमा कार्यालय प्रमुखहरुको वैठक लगायत कार्यालयको आन्तरिक प्रशासन सञ्चालन सम्बन्धी कार्य सम्पादन हुँदै आएको छ । आ. व. ०७८/७९ मा प्रशासन शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यको तथ्यांकगत विवरण निम्नानुसार रहेको छ:

**<u>आ.ब. २०७८।०७९ मा प्रशासनिक कार्य सम्पादनको संक्षिप्त विवरण</u>**

| कामहरु | श्रावण | भद्रौ | असोज | कार्तिक | मंसीर | पौष | माघ | फाल्गुण | चैत्र | वैशाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भारतीय सैनिकमा रहेका नेपालीको सिफारिस र प्रमाणित तथा पारिवारिक निवृत्तिभरण सिफारिस संख्या | ८१ | ५२ | २५ | २६ | ३८ | ३२ | ३८ | ४९ | ३० | ४३ | ४८ | ३७ | ४६९ |
| भारतीय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | ३८ | ४९ | ७२ | २१ | २६ | ५५ | २९ | ३६ | ४४ | ३३ | ६७ | ७६ | ५०२ |
| आदिवासी जनजाति, दलित मधेशी प्रमाणित | ६४ | ३२५ | १७२ | ९५ | १३४ | १४० | १११ | ४७ | ७८ | ७० | २७ | २६ | १२११ |
| चालचलन प्रमाणित | ९ | ४ | ४ | ४ | १ | ४ | ४ | ० | १ | ० | ० | ० | ३० |
| नाबालक परिचय पत्र | ४५ | २९ | ३१ | २३ | ३१ | २१ | २४ | ५६ | ४५ | ३९ | ६२ | २६ | ३८७ |
| संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या | ८ | ८ | २ | ३ | ९ | ८ | ५ | ४ | ८ | ३ | ० | ३ | ५३ |
| संस्था नविकरण | २० | ४७ | ६४ | २४ | २६ | ५३ | ३० | २१ | २० | ९ | १८ | १६ | ३२८ |
| अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | ० | ० | ० | ० | २ | १ | ० | १ | १ | ० | ० | ० | ४ |
| संस्थाको विधान संशोधन | १ | ० | १ | १ | १ | २ | ० | १ | ३ | ० | ० | ० | ७ |
| सुरक्षा समितिको बैठक | ३ | ६ | ५ | ३ | २ | ३ | ३ | ५ | ४ | ६ | १ | १ | ४२ |
| अन्तर जिल्ला समन्वय बैठक | ० | ० | ० | ० | २ | ० | ० | १ | ० | १ | ० | १ | ५ |
| संयुक्त सिमा समन्वय बैठक | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | | | | १ |
| कार्यालय प्रमुखहरुको बैठक | २ | १ | १ | १ | १ | २ | १ | १ | १ | १ | १ | १ | १४ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विविध बैठक | ० | ४ | २ | ३ | ० | २ | १ | ६ | ४ | २ | १ | ४ | २९ |
| विपद व्यवस्थापन समितिको वैठक संख्या | १ | २ | ० | १ | १ | १ | ० | ० | २ | ० | ३ | ० | ११ |
| जिल्ला दररेट समितिको बैठक | २ पटक | | | | | | | | | | | | |
| विपदवाट प्रभावित घरको संख्या | ० | २९ | ० | ११ | ० | ० | | | | ० | ० | २ | ४२ |
| विपद् प्रभावितलाई वितरित राहत रकम | संघ तर्फको राहत खर्च : रु १५,५५०००/-<br>प्रदेश तर्फको राहत खर्च : रु ३,९०,०००/-<br>कुल जम्मा राहत : १९,४५,००० /- | | | | | | | | | | | | |
| घरभाडा निर्धारण समितिको वैठक संख्या | ० | १ | १ | १ | ० | १ | ० | | | ० | ० | ० | ४ |
| लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको बैठक | ० | ० | ० | ० | ० | ० | १ | २ | ० | ० | ० | १ | ४ |
| लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको अनुगमन | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | २ |
| बजार अनुगमन | चाडपर्व लक्षित लगायत आवश्यकता अनुसार हुने गरेको ।<br>९ पटक । | | | | | | | | | | | | |

## ५.६ मुद्दा फैसला तथा गुनासो व्यवस्थापन

जिल्ला प्रशासन कार्यालयलाई अर्धन्यायिक निकायको रुपमा रही अर्धन्यायिक कार्यहरुको सम्पादन गर्ने गर्दछ । न्यून गुणस्तरको खाद्य पदार्थ, कालो बजारी, सवारी दुर्घटना, जुवा तास, अभद्र व्यवहार, सार्वजनिक शान्ति विरुद्धको कसूर, सार्वजनिक नैतिकता विरुद्धको कसूर जस्ता फौजदारी अपराध सम्बन्धी मुद्दा दर्ता तथा सोको फछ्र्यौट गर्दै आएको छ । यसका अलाबा ठाडो उजुरिको रुपमा दर्ता भएका गुनासा तथा उजुरीहरुको समेत समयमा नै सुनुवाई गरी निकास दिने काम गरेको छ । उक्त कार्यको तथ्यांकगत विवरण निम्नानुसार रहेको छः-

### ५.६.१ आ.ब. २०७८/०७९ को मुद्दाको संख्यात्मक विवरण

यस कार्यालयमा दर्ता तथा फैसला भएका मुद्दा, ठाडो उजुरी सुनुवाई (शान्ति सुरक्षा आदि) तथा सवारी क्षतिपूर्तिको विवरण निम्नानुसार रहेको छः

| महिना | मुद्दा दर्ता | मूद्दा फैसला | ठाडो उजुरी सुनुवाई | सवारी तथा यातायात व्यवस्था ऐन बमोजिम क्रिया खर्च र क्षतिपूर्तिको निवेदन फछ्यौंट संख्या |
|---|---|---|---|---|
| अल्या | ११९ | | | |
| श्रावण | १५ | ६ | १४ | ४ |
| भदौ | ११ | ८ | ३ | १ |
| असोज | ९ | ६ | ५ | १० |
| कार्तिक | १९ | १५ | २ | २ |
| मंसिर | ७ | १५ | ४ | १ |
| पुस | ८ | १६ | ६ | ४ |
| माघ | ५ | ३ | ३ | १२ |
| फाल्गुण | १५ | ६ | ५ | १४ |
| चैत्र | ६ | ९ | ५ | ८ |
| बैशाख | १३ | १७ | ३ | ५ |
| जेठ | १३ | ९ | १० | २ |
| अषाढ | १० | ७८ | १० | १ |
| जम्मा | २५० | १८८ | ७० | ६४ |
| जम्मा फैसला | १८८ | | | |
| फैसला हुन बाकी | ६२ | आ.ब. २०७९/०८० मा सरेको मुद्दा | | |

### ५.६.२ मुद्दाको ५ वर्षको तुलनात्मक विवरण

| आ.ब. | मुद्दा दर्ता | मूद्दा फैसला | बाँकी | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| २०७४/०७५ | १३७ | १८ | ११९ | १३% |
| २०७५/०७६ | १७७ | १३२ | ४५ | ७५% |
| २०७६/०७७ | १३८ | ६६ | ७२ | ४८% |
| २०७७/०७८ | २११ | ९२ | ११९ | ४४% |
| २०७८/०७९ | २५० | १८८ | ६२ | ७५% |




५.६.२ जिल्लामा घटित मुख्य अपराधमा जिल्ला प्रहरी कार्यालयबाट भएको कारवाहीको त्रिबर्षिय तालिका



### ५.६.३ जिल्ला प्रहरी कार्यालयको आ.व.०७८।०७९ सालको अपराधको मितिगत प्रवृत्ति बिश्लेषणको अवस्था (Crime Pattern Analysis) :-




### ५.६.४ अर्धन्यायिक कार्यको जिल्ला प्रशासन कार्यालयमा निरीक्षण

मिति २०७८/१२/०६ मा नवलपुर जिल्ला अदालतका मा. जिल्ला न्यायाधीश श्री अर्जुन अधिकारीज्यूको टोलीबाट अर्धन्यायिक कार्यको जिल्ला प्रशासन कार्यालयमा निरीक्षण गर्नु भएको ।



## ५.७ संस्था दर्ता, नविकरण तथा नियमन

जिल्ला तथा अन्तर्गतका क्षेत्रहरुमा कार्यक्षेत्र बनाएर काम गर्न चाहने सामाजिक तथा गैरनाफामुलक संस्थाहरु संस्था दर्ता ऐन, २०३४ अनुसार यस कार्यालयमा दर्ता हुँदै आएका छन् । आ.ब. २०७८/०७९ सम्ममा यस जिल्लामा दर्ता भएका संस्था ३५९ रहेको छ भने नविकरण भएको संस्था ३२८ रहेका छन् ।

## ५.८ विपद् ब्यवस्थापन

- जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ र मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९ तयार गरी कार्यान्वयनमा ल्याइएको ।










- जिल्ला विपद् व्यवस्थापन समितिको बैठक ११ पटक भएको ।
- खोजी तथा उद्धारको लागि आवश्यक जनशक्ति तथा सामाग्रीहरु र जिल्लामा तिनको उपलब्धताको पहिचान गरिएको ।
- विपदबाट पीडितहरुलाई राहत वितरण गर्न एकद्वार प्रणालीको व्यवस्था।
- स्थानीय तहसँग समन्वय ।
- शितलहरमा प्रभावित हुनसक्ने अतिविपन्न समूदाय पहिचान गरी ४८० परिवारलाई खोल सहितको फाइवर सिरक वितरण गरिएको ।
  - जिल्ला विपद् व्यवस्थापन कोषबाट विभिन्न शीर्षकमा आ.ब. २०७८/०७९ मा भएको खर्चको विवरण निम्नानुसार रहेको छ ।

| शीर्षक | विपद् प्रभावित संख्या | राहत वितरण | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | संघिय कोषबाट | प्रदेश कोषबाट | | |
| बाढी/वर्षा/पहिरो | ६ जना मृत्यु | ९,००,०००/- | ३,००,०००/- | १२,००,०००/- | |
| | ४२ घर परिवार | ६,५५,०००/- | ९०,०००/- | ७,४५,०००/- | (प्रदेश तर्फको ६ परिवार समेत गरी ४२) |
| शितलहर तथा चिसो प्रभावित हुन सक्ने ४८० परिवारलाई ४८० वटा न्यानो फाइवर सिरक वितरण गरिएको । | ७,९८,००६/- | | | | |

- २०७९ असार १४ र १५ मा आएको वर्षाको कारण नारायणी नदी तटिय क्षेत्रको बाटो लगायत खेति योग्य जमिनमा क्षति पुऱ्याएको क्षेत्रको स्थलगत अनुगमन गई तत्काल तटबन्धको कार्य अघि बढाउन निर्देशन दिइएको ।
- मिति २०७८/१२/०६ मा यस जिल्लाका प्रमुख जिल्ला अधिकारी सुमन घिमिरे एवं जिल्ला स्थित विकास निर्माणसंग सम्बन्धित कार्यालयका प्रमुखहरु र चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृतको सहभागितामा बैठक बसि निकुञ्ज र मध्यबर्ति क्षेत्रमा प्रकृतिक श्रोत संरक्षण, विकास निर्माण र नदिजन्य पदार्थको ब्यवस्थापनमा समन्वय र एकापसमा गर्नुपर्ने सहजिकरणका विषयमा छलफल गरी कार्य प्रभावकारिता वृद्धि गर्ने प्रयास भएको ।
- नदीजन्य पदार्थ संकलन व्यवस्थापन सम्बन्धमा :
  - ✓ ढुंगा, गिट्टी, बालुवा संकलन तथा व्यवस्थापन मापदण्ड, २०७७ अनुसार गठीत जिल्ला अनुगमन समितिको बैठक बसी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुको लागि सहजीकरण गरिएको साथै अनुगमन कार्य प्रभावकारी बनाउन निर्देशन दिइएको ।
  - ✓ जिल्ला अनुगमन समितिको बैठक ४ पटक बसेको ।

- ✓ मिति २०७८ चैत्र १७ मा नारायणी नदी व्यवस्थापन आयोजनाले नारायणी नदी र अन्य नदीमा आउन सक्ने कटानबाट हुन जाने क्षति न्यूनिकरण गर्ने सम्बन्धमा बैठक बसेको ।

- मिति २०७९।०३।१५ मा विनयीत्रिवेणी गा.पा.१ स्थित रहेको खहरे खोला र मध्यबिन्दु नगरपालिका वडा नं.१० स्थित रहेको ठुलो खहरे र सानो खहरे खोला मा पुल निर्माणको लागी बनाईएको तिन बटा ड्राईभर्सन अविरल बर्षातको कारणले बगाई पूर्व पश्चिम राजमार्ग दुई तर्फी अवरोध भएको सो अवरोध हटाउन समन्वय गरी अवरोध  हटाइ सडक सचारु गरिएको ।
- हुप्सेकोट -५ बागखोर स्थित १८ घर का १० हजार जना व्यक्तिलाई नेपाल प्रहरी, सशस्त्र प्रहरी , हुप्सेकोट गा.पा.का जनप्रतिनिधि समेतले हुप्सेकोट गा.पा को वेलुवा स्थित जनता मा.वि. मा स्थान्तरण गरी अस्थायी बसोवास व्यवस्था मिलाएको ।
- हुप्सेकोट गाउँपालिका वडा नं. ४ रिपाह क्षेत्रमा २०७८ भाद्र महिनामा परेको अविरल वर्षाको कारण गिरुवारी खोला पुर्ण रुपमा बन्द भई ताल बनेको र वर्षातको खोलाले केही भाग खोली बाकी क्षेत्र डुवान हुन थालेकोले सो को निरीक्षणका लागि पुर्वाधार विकास कार्यालयका प्रमुख सहित प्रहरी निरिक्षक र सशस्त्र प्रहरी निरिक्षकको टोली स्थलगत निरीक्षण गर्न पठाइएको । नेपाली सेनाको श्री नं. २ वन तथा पर्यावरण गण, हात्तिखोर लाई कृत्रिम ताल फुटाउनका लागि समन्वय गरेको । सो सम्बन्धमा ड्यामको बनावट चलाउदा थप पहिरो जान सक्ने हुँदा बिस्फोटक पदार्थको प्रयोग नगरी मानविय जनशक्तिबाट उक्त निकासलाई ७ (सात) मिटर फराकिलो बनाउन सबै भन्दा उत्तम विकल्प रहेको भनी नेपाली सेनाको श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण हात्तिखोरबाट इन्जिनियरिङ्ग रिपोर्ट प्राप्त भएकोले हुप्सेकोट गाउँपालिकासंग समन्वय गरी सोही प्राविधिक प्रतिवेदन बमोजिम श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण हात्तिखोर, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गुल्मबाट जनशक्ति खटाई उक्त ड्याम खोल्न निर्देशन दिइएको ।
- **उद्दार कार्यको संयुक्त नमुना अभ्यास :-**

  विपद्का घटनामा उद्धार तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि मिति २०७९।०२।२६ मा प्र.जि.अ. सुमन घिमिरेको अध्यक्षतामा श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण हात्तिखोर, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गुल्म हे.क्वा., नेपाल रेडक्रस सोसाइटी, स्थानीय तहका निर्वाचित जनप्रतिनिधी, संचारकर्मी, स्थानीयवासी, सामाजिक संघसंस्थाका प्रतिनिधिहरु, चितवन राष्ट्रिय निकुञ्जका कर्मचारी तथा सरोकारवाला निकायहरुको सहभागितामा ३ (तीन) दिने संयुक्त अभ्यास कार्यक्रम सप्पन्न भएको ।








अभ्यास मनसुन

### ५.९ कोभिड १९ रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यः

- कोरोना भाइरस (COVID-19) को नियन्त्रण तथा रोकथामका सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकारबाट विभिन्न मितिमा भएका निर्णयहरु र निर्देशनहरु कार्यान्वयन भैरहेको ।
- कोभिड -१९ को संक्रमण तथा नियन्त्रणमा भएका निर्णय तथा निर्देशनलाई परिपालन गर्न र स्थानीय तह र सरोकारवालाहरुसगँ समय समयमा DCCMC को बैठक मार्फत तथा जिल्ला विपद व्यवस्थापन समिति मार्फत समन्वय तथा सहजिकरण गरिएको ।
- कोभिड -१९ संक्रमण नियन्त्रण र न्यूनिकरणकालागि सिमा नाकामा थप कडाई गरिएको ।
- कोभिड-१९ संक्रमित बिरामीहरुको व्यवस्थित रुपमा उपचार गर्ने गरिएकोमा हाल जिल्ला भित्रका विभिन्न स्वास्थ्य संस्थाहरुमा गरी १४८ आईसोलेशन वेड उपलब्ध रहेको ।
- कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लाग आइसोलेसन व्यवस्थापन, अक्सिजन व्यवस्थापन र जनशक्ति व्यवस्थापन तथा औषधी व्यवस्थापनका लागि DCCMC को टोलीबाट स्थानीय तहमै स्थलगत अवलोकन गरी पूर्वतयारीको लागि स्थानीय स्तरमै निर्णयहरु गराई मजबुत पूर्वतयारी गरिएको ।
- हालसम्म कोभिड-१९को कारण जिल्लामा १४२ जनाको मृत्यु र ९४८३ जना संक्रमित भएका ।
- जिल्ला स्थित सबै स्थानीय तह एवं स्वास्थ्य संस्था बीचको समन्वयलाई प्रभावकारी बनाई Team Work को रुपमा कार्य भएको ।
- कोरोना भाइरस (COVID-19) को रोकथाम र नियन्त्रणको कार्यमा जिल्ला प्रशासन कार्यालयबाट Proactive भई समन्वय र सहजीकरण लगायतका कार्यहरु भैरहेको ।
- मध्यविन्दु जिल्ला अस्पतालमा अक्सिजन प्लान्टको व्यवस्था गर्न समन्वय गरी प्लान्ट स्थापित भई १९ वटा HDU, ५ वटा ICU र २ वटा भेन्टिलेटर सञ्चालन गरिएको ।
- अस्पतालको क्षमता बृद्धि/स्तरोन्नतीकोलागि संघ तथा प्रदेश सरकारबाट सहयोग प्राप्त भएको ।
- कोभिड-१९ दैनिक विवरण मन्त्रालयबाट तोकिएको System मा अद्यावधिक गर्ने गरिएको र सो रोग नियन्त्रण, रोकथामका लागि जिल्ला भित्र आइसोलेसन ब्यवस्थापन, अक्सिजन ब्यवस्थापन, अत्यावश्यक औषधी ब्यवस्थापन लगायत पूर्वतयारीमा सवै सरोकारवाला संग समन्वय गरिएको ।
- मध्यविन्दु जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट स्थापना भई सकेको । जिल्ला अस्पतालमा बालबालिकाको लागि छुट्याइएको २० प्रतिशत बेड तयारी अवस्थामा रहेको ।
- नेपाल सरकार, मन्त्रिपरिषद तथा गृह मन्त्रालय, प्रदेश सरकारबाट कोभिड -१९ को संक्रमण तथा नियन्त्रणमा भएका निर्णय/निर्देशनलाई परिपालन गर्न र स्थानीय तह एवं सरोकारवालासंग समय समयमा DCMCको बैठक र जिल्ला विपद व्यवस्थापन समितिको बैठक मार्फत समन्वय तथा सहजिकरण गरिएको ।

- सबै स्थानीय तहको समन्वय र सहकार्यमा जिल्ला अस्पताल, आधारभूत अस्पताल, स्वास्थ्य चौकी, स्वास्थ्य शाखा सबैले समन्वयात्मक कार्य गरेको ।
- कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदबाट विभिन्न मितिमा भएको निर्णय प्रभावकारीरुपमा कार्यान्वयनका लागि संयुक्त अनुगमन टोली गठन र परिचालन गरिएको ।

| जिल्लामा कोभिड १९ संक्रमण अवस्था र पालिका स्तरीय कोभिड-१९ संक्रमणको अवस्था | | | | |
|---|---|---|---|---|
| क्र.सं. | स्थानीय तहको नाम | एन्टिजिन तथा पिसिआर जाँचको नतिजा | | |
| | | जम्मा जाँच | जम्मा सङ्क्रमित | जम्मा नेगेटिभ |
| १ | गैंडाकोट न.पा. | २९३१ | १२२२ | १७०९ |
| २ | देवचुली न.पा. | १८३६ | ६५५ | ११८१ |
| ३ | कावासोती न.पा. | ३८२३ | १४२६ | २३९७ |
| ४ | मध्यविन्दु न.पा. | २६१७ | ४६४ | २१५३ |
| ५ | विनयी त्रिवेणी गा.पा. | १०९९ | २८२ | ८१७ |
| ६ | हुप्सेकोट गा.पा. | ४८७ | १४३ | ३४४ |
| ७ | बुलिङटार गा.पा. | ३१ | १६ | १५ |
| ८ | बौदीकाली गा.पा. | ३६ | ७ | २९ |
| ९ | अन्य | ४७१७ | ५७ | ४६६० |
| | कुल जम्मा | १७५७७ | ४२७२ | १३३०५ |

- <u>कोभिड-१९ विरुद्धको खोप १२ वर्ष माथी उमेर समूहका पूर्ण खोपयुक्त जिल्ला :</u>
  यस जिल्लामा कोभिड-१९ खोप लगाउनेको संख्या तपशिल अनुसार रहेको :
  - <u>१८ वर्ष माथिको</u>
    पहिलो मात्रा : २६८७५३ (जोनसोन समेत ) (११४.६२%)
    दोस्रो मात्रा : १८४६५० (७८.७५%)
    अतिरिक्त मात्रा (बुस्टर डोज) : ७३६०० (३१.३९%)
  - <u>१२-१७ वर्षको</u>
    पहिलो मात्रा :४४७५० (१११.००%)
    दोस्रो मात्रा :४०१९१ (९९.६९%)
    अतिरिक्त मात्रा बुस्टर डोज :१९४३४

- <u>५-११ वर्षको</u>

  पहिलो मात्रा : ३३९४७ (७८.१०%)

  **पहिलो मात्रा खोप लगाएको कुल संख्या :३४७४५० (१०९.१७%)**

  **दोस्रो मात्रा खोप लगाएको कुल संख्या :२२४८४१ (८१.८२%)**

  **अतिरिक्त मात्रा (बुस्टर डोज) कुल संख्या : ९३०३४ (३३.८६%)**

- **आ.व २०७८/०७९ मा कोभिड १९ नियन्त्रण तथा रोकथाम सम्बन्धी थप क्रियाकलापहरु:**
  - २०७८ साउन देखि कार्तिकसम्म त्रिवेणी सिमानाकामा २ जना स्वास्थ्यकर्मिलाई विनयी त्रिवेणी पालीकाद्धारा तलवभक्ता व्यवस्थापन त्यसपश्चात उक्त स्वास्थ्यकर्मिहरुलाई आ.स्वा.के.मा लगिएको ।
  - २०७८ पुषको अन्तिम हप्ताबाट कोभिड १९ को तेस्रो लहर शुरु
  - २०७८ माघ ११ बाट त्रिवेणी सिमानाकामा विनयी त्रिवेणी गा.पा.बाट १ जना र बेस नेपाल अन्तर्गत सुआहारा बाट २ जना स्वास्थ्यकर्मि स्वास्थ्य कार्यालय मार्फत हेल्थडेक्समा खटाईएको
  - २०७८ माघ १० गते श्रीमान प्र.जि.अ.सुमन घिमिरे सहितको टोली त्रिवेणी सिमानाका अवलोकन र हेल्थडेक्समा स्वास्थ्यकर्मी निरन्तरताका लागी निर्देशन
  - २०७८ माघ ११ गते स्वास्थ्य कार्यालय प्रमुख सहितको टोलीले हेल्थडेक्स अवलोकन
  - २०७८ माघ १६ गते गण्डकी प्रदेश,स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय मधु अधिकारी गुरुङ्गज्यू सहितको टोलीबाट त्रिवेणी सिमानाका हेल्थ डेक्स अवलोकन
  - २०७८ माघ १६ गते गण्डकी प्रदेश,स्वास्थ्य तथा जनसंख्या मन्त्री माननीय मधु अधिकारी गुरुङ्गज्यू ,जिल्ला समन्वय प्रमुख चेसराम आले र प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेज्यु एवं स्वास्थ्य कार्यालय प्रमुख केशव प्रसाद चापागाई सहितल अन्य सरोकारवालासँग कोभिड १९ संक्रमण अवस्था,कोभिड १९ बिरुद्ध को खोप एवं अन्य महामारी सम्बन्धि १ दिने अन्तरक्रिया कार्यक्रमको झलक :-









74

- महामारी नियन्त्रण तथा रोकथाम सम्बन्धि राजनितिक दल एवं अन्य सरोकारवालासँगको १ दिने बैठक



- कोभीड-१९ संक्रमणबाट अस्पताल/घरमा मृत्यु भई प्रदेश सरकारद्वारा प्रति व्यक्ति रु. ५०,००० रकम वितरण गरिएका स्थानीय तह अनुसारको विवरण :-

| स्थानीय तह | संख्या |
|---|---|
| १. गैंडाकोट नगरपालिका | ३६ |
| २. देवचुली नगरपालिका | २२ |
| ३. कावासोती नगरपालिका | ६३ |
| ४. मध्यविन्दु नगरपालिका | ३१ |
| ५. बिनयी त्रिवेणी गाउँपालिका | १५ |
| ६. हुप्सेकोट गाउँपालिका | ८ |
| ७. बुलिङ्टार गाउँपालिका | १ |
| ८. बौदीकाली गाउँपालिका | १ |
| **जम्मा मृतक संख्या** | **१७७** |

**श्रोत : स्वास्थ्य कार्यालय**

## ६. लागु औषध नियन्त्रण

लागुऔषध नियन्त्रणको कार्यलाई प्रभावकारी बनाउन र लागु औषध तथा पुनः स्थापना केन्द्रको अनुगमन कार्यलाई निरन्तरता दिने हेतुले निरन्तर रुपमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा निकाय तथा सरोकारवाला निकायहरुको उपस्थितिमा बैठक बसेको छ । यस जिल्लामा ७ वटा पुर्नस्थापना केन्द्र सञ्चालनमा रहेको र समय-समयमा अनुगमन निर्देशन र नियमन गर्ने गरिएको छ ।

- यस जिल्लाभित्र लागुऔषध नियन्त्रणका लागि स्वीकृत लागू औषध नियन्त्रण सम्बन्धि कार्ययोजना, २०७९ बमोजिम निकायगत समन्वय गरी रोकथाम तथा नियन्त्रणका कार्यक्रमहरु संचालन भएको ।
- सिमानाकामा हुन सक्ने लागू औषध ओसारपसारको जोखिमलाई मध्यनजर गरी अन्तर जिल्ला सुरक्षा समन्वय बैठक मार्फत सूचना आदान प्रदान गर्ने र गस्ती र पट्रोल बढाउने सम्बन्धमा निर्णय भएको ।महेन्द्र राजमार्गमा RSCC कार्यक्रम मार्फत रोड सुरक्षामा खटिएको गस्तीबाट लागू औषध ओसारपसार गर्ने गिरोहलाई नियन्त्रणमा लिई मुद्दा चलाईएको । Crime Map बमोजिम लागू औषध जोखिम क्षेत्रमा विशेष निगरानी बढाइएको ।
- मिति २०७९/०३/०७ मा लागु औषध दुरुपयोग तथा अवैध ओसापसार विरुद्ध तथा जिल्ला स्तरीय लागु औषध नियन्त्रण कार्ययोजना कार्यान्वयन सम्बन्धमा बैठक बसी

लागु औषधको दुरुपयोग तथा अवैध ओसारपसारलाई रोक्ने उद्देश्यले जुन २६ लाई हरेक वर्ष लागु औषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तराष्ट्रिय दिवसको रुपमा नेपालले मनाउदै आएको सन्दर्भमा सन् २०२२ मा पनि यो दिवसलाई सप्ताहव्यापी रुपमा मनाउने निर्णय भए अनुसार यस जिल्लाको कावासोती नगरपालिकामा र विनयी त्रिवेणी गाउँपालिकामा सुरक्षा निकाय, आमा समुह, टोल विकास समिति, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी लगायत सरोकारवाला निकायको सहभागितामा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको ।

- मिति २०७८।११।०२ मा लागु औषध प्रयोग ओसारपसार नियन्त्रण सम्बन्धी कार्यदको बैठक बसी अवैध हातहतियार नियन्त्रण सम्बन्धी कार्यदलको मस्यौदा तयार गर्ने निर्णय गरिएको र लागु औषध ओसारपसार नियन्त्रण सम्बन्धी कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरिएको ।
- लागु औषध नियन्त्रण सम्बन्धी कार्ययोजना, २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको ।
- मिति २०७८ फागुन ३ मा लागु औषध प्रयोगकर्ताहरुको लागि उपचार तथा पुनःस्थापना केन्द्र संचालन निर्देशिका, २०७५ को दफा ९ अनुसार गठन भएको जिल्ला अनुगमन तथा समन्वय समितको बैठक बसी यस जिल्लामा रहेका ७ वटा पुनर्स्थापना केन्द्रको विषयमा जानकारी समेत लिई शुल्क निर्धारण गर्न सिफारिस गरिएको ।
- मिति २०७८ माघ ९ मा लागु औषध उपचार तथा पुनःस्थापना केन्द्रलाई पुरस्कृत गर्ने सम्बन्धमा बैठक बसी यस जिल्लामा क्रियाशिल संस्थाको प्राप्त निवेदन अनुसार निर्णय लागु पदार्थ, मादक पदार्थ उपचार तथा पुनस्थापना केन्द्र कावासोती-९ लाई पुरस्कारको लागि गृह मन्त्रालयमा सिफारिस गरिएको ।
- प्र.जि.अ. सहितको टोलिबाट मिति २०७८।१०।१५ मा नवजीवन पुनर्स्थापना केन्द्र मध्यविन्दुको अनुगमन भएको ।
- लागु औषध नियन्त्रण सम्बन्धमा प्रहरी प्रशासनबाट भएका जफत र मुद्दाको विवरण :-

| जफत विवरण | मुद्दा |
|---|---|
| • नाईट्राभेट १० - २७९२ ट्यावलेट,<br>• स्पास्मो प्रोकसिभन पल्स - ३४९ क्यापसुल,<br>• कोरेक्स १०० ML - २ बोतल, | १०० जना आरोपित नियन्त्रणमा लिई ७० वटा मुद्दा चलाइएको । |

| | |
|---|---|
| • डाईजेपाम-२८८०<br>• नुर्फिन-२९३२<br>• फेनारगन -२९८६ एम्पुल<br>• WINSPASMO FORTE - ३२ क्याप्सुल,<br>• ब्राउनसुगर जस्तो देखिने धुलो - १६० मि.लि.ग्राम,<br>• गाँजा - ३६ किलो ८४५.५ ग्राम | |

## ७. सरकारी कार्यालय निरीक्षण

यस कार्यालयले जिल्ला स्थित कार्यालयहरुबाट आ–आफ्नो कार्यधिकार भित्र रहेर प्रभावकारी सेवा प्रवाह र सुशासन कायम गरेका छन् वा छैनन् भनेर अनुगमन गर्दै आएको छ । अनुगमनको कार्यलाई अगाडि बढाउन शासन ऐन,२०६४ को दफा (१३) र सुशासन नियमावली, २०६५ को नियम (६) बमोजिम अनुगमन गर्ने गरिएको छ ।

- मिति २०७८।११।०८ मा प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरे एवं सुरक्षा निकायका प्रमुख लगायतको टोलीले भन्सार कार्यालय, त्रिवेणीको निरीक्षण गर्नु भएकोमा भन्सार कार्यालयमा कार्यरत ४ (चार) जना कर्मचारीहरु कार्यालयमा अनुपस्थित भएको देखिएको हुँदा निजहरु स्पष्टिकरण सोधि सत्य तथ्य खुलाई पठाउन भन्सार कार्यालय, त्रिवेणीलाई पत्राचार गरिएको ।
- मिति २०७९।०३।२० मा प्रशासकीय अधिकृत भरत सापकोटाको संयोजकत्वमा मालपोत कार्यालय, नापी कार्यालय, आन्तरिक राजस्व कार्यालय र पूर्वाधार विकास कार्यालय निरीक्षण गरिएको । निरीक्षणको क्रममा बिना जानकारी ४ (चार) जना कर्मचारी अनुपस्थित रहेकोले स्पष्टिकरण सोधि नियमानुसार कारवाही गरी ३ दिन भित्र जानकारी दिन कार्यालय प्रमुखहरुलाई निर्देशन दिइएको ।
- मिति २०७९।०३।२० मा प्रशासकीय अधिकृत श्री शिवराज कोइरालाको संयोजकत्वमा घरेलु तथा साना उद्योग कार्यालय, यातायात व्यवस्था कार्यालय, डिभिजन वन कार्यालय छड्के निरीक्षण गरिएको । निरीक्षणको क्रममा बिना जानकारी ६ (छ) जना कर्मचारी अनुपस्थित रहेकोले स्पष्टिकरण सोधि नियमानुसार कारवाही गरी ३ दिन भित्र जानकारी दिन कार्यालय प्रमुखहरुलाई निर्देशन दिइएको ।

## ८. बजार अनुगमन

वाणिज्य तथा आपूर्ती विभागले यस जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई निरिक्षण अधिकृत तोकेको र जिल्लामा उत्पादन भएका वस्तु तथा सेवा प्रवाह स्थिति, गुणस्तर र लागतहरुको स्थलगत रुपमा नियमन गर्ने उद्देश्यले सम्बन्धित विषयगत कार्यालयहरुसँगको

सहकार्यमा बजार अनुगमनको कार्यलाई निरन्तरता दिदै आएको छ । बजार अनुगमनको कार्यलाई व्यवस्थित बनाउन बजार अनुगमन कार्ययोजना कार्यन्वयनमा ल्याइएको छ । त्यसै गरी जिल्ला बजार अनुगमन समिति र स्थानीय बजार अनुगमन समितिका संयुक्त बैठकहरु बसी अनुगमनहरु पनि संयुक्त रुपमा गर्ने गरिएको छ ।यस आ.ब. मा जम्मा ९ पटक संयुक्त रुपमा बजार अनुगमन कार्य सम्पन्न भएको छ ।

**आ.ब. २०७८।०७९ मा बजार अनुगमन सम्बन्धी विवरण**

| क्र. सं. | बजार अनुगमन गरेको मिति | कारवाहीको विवरण | | | | चालु आ.व. मा गरेको अनुगमन संख्या पटक | कै. |
|---|---|---|---|---|---|---|---|
| | | दण्ड/जरिवाना | कैद | म्याद सकिएका मालसामानको जफत र नष्ट (मौद्रिक मुल्यमा) | सचेत गराइएको (पसल संख्या | | |
| १ | २०७८ असोज १२ गते | - | - | -१.५ लि.को ४ थान र २.२५ लि. को २ थान फेन्टा<br>-१ के.जि.को १थान हर्लिक्स<br>-प्याकेटेड मसरुम ३ थान<br>-७०० एम. एल. को लेमन जुस ५थान<br>-मसला-७, सावुन-४,सुजि-९, निर-७३, टोस्ट-१ | १५( देवचुली नगरपालिका बजार क्षेत्रमा) | | |
| २ | २०७८ असोज १४ | - | - | -ओट्स-४ बट्टा, कोलगेट-१३ बट्टा, कसला-२० प्याकेट, पप-७ प्याकेट, पेप्सोडेन्ट-२, साबुन-१८, पार्लेजी विस्कुट-३९ प्याकेट, टयाङ्क जुस-२ प्याकेट,वेसन-२, ललिपप-२, फेन्टा- २, टोस्ट-१, डाइजेस्टिभ विस्कुट-२, रिजल दालमोट-१३, वेसन-४२, पाउडर-४प्याकेट, पैचो दाल-४के.जि. पनिर मसला-१ प्याकेट, छक्का पन्जा क्रेकर-२४ थान बरामद गरि नष्ट गरियो । | १२ कावासोती नगरपालिका बजार क्षेत्रमा | | |
